एजेण्डाहरु

१. समीक्षा
२. भूकम्प सुरक्षा दिवस मनाउने सम्बन्धमा ।
३. चिसो तथा हिमपातको जोखिम न्यूनीकरण र प्रतिकार्य सम्बन्धमा ।
४. आगलागीका घटना नियन्त्रण तथा प्रतिकार्य सम्बन्धमा ।
५. विविध

निर्णयहरु

१. जिल्ला विपद व्यवस्थापन समितिबाट यस अघिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था, जिल्लामा भएका विपदका घटना, कोभिड-१९ को संक्रमणको अवस्था तथा संक्रमण रोकथाम एवं नियन्त्रणका लागि भएका कार्यहरु आदिको सम्बन्धमा विस्तृत छलफल तथा समीक्षा गरियो ।

२. भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको मिति २०७७।०९।१६ गतेको निर्णय बमोजिम "बहुप्रकोपीय विपदमा भूकम्पीय सुरक्षाः साझा सहकार्यमा जनधनको रक्षा" भन्ने नाराका साथ मिति २०७७ माघ २ गतेका दिन २३ औं भूकम्प सुरक्षा दिवस मनाउने सन्दर्भमा देहायबमोजिम निर्णय गरियोः

(क) जिल्लास्तरमा निम्न कार्यक्रमका साथ भूकम्प सुरक्षा दिवस मनाउनेः

| सि.नं. | कार्यक्रम | मिति र समय | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | प्ले कार्ड सहित र्‍याली | २०७७।१०।०२ बिहान ११:०० बजे | खलंगा बजार | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाल रेडक्रस सोसाइटी |
| २ | अन्तरक्रिया | २०७७।१०।०२ बिहान ११:३० बजे | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रशासन कार्यालय |

(ख) जिल्लास्थित सुरक्षा निकाय, रेडक्रस, गै.स.सं. आदिसँग समन्वय गरी विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सहित जिल्लाका सबै स्थानीय तहहरुमा भूकम्प सुरक्षा दिवस मनाउनका लागि अनुरोध गर्ने ।

(ग) भूकम्पीय सुरक्षाका सन्दर्भमा सचेतनामूलक कार्यक्रम, अन्तरसम्वाद आदि सञ्चालन गर्नका लागि नेपाल पत्रकार महासंघ जिल्ला शाखा रुकुम(पश्चिम) मार्फत जिल्लास्थित सबै सञ्चार माध्यमहरु लाई अनुरोध गर्ने ।

(घ) भूकम्प सुरक्षा दिवस मनाउन जिल्लास्तरीय तथा स्थानीयस्तरीय कार्यक्रममा सक्रिय सहभागिता तथा सहयोगका लागि सरकारी कार्यालयहरु, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरुलाई अनुरोध गर्ने ।

३. चिसो तथा सम्भावित हिमपातबाट हुनसक्ने जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि देहाय बमोजिम गर्ने निर्णय गरियोः

(क) जिल्लास्थित सबै सुरक्षा निकायहरू, स्थानीय तह, सबै सार्वजनिक सेवा प्रदायक कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, NGOs लगायतका निकायहरूले समन्वय गरी चिसो तथा हिमपातबाट हुनसक्ने

संभावित जोखिम न्यूनीकरणका लागि आफूसँग भएको स्रोत र साधन सहित तत्काल परिचालन
हुनसक्ने गरी तयारी अवस्थामा राख्ने।

(ख) शीतलहर/ जाडो याममा अपनाउनुपर्ने सतर्कता र कोभिड-१९ संक्रण रोकथामका लागि जाडो
याममा अपनाइनुपर्ने विशेष स्वास्थ्य सतर्कता सम्बन्धी सचेतनामूलक प्रचार प्रसार सामाग्री स्वास्थ्य
कार्यालयले तयार गरी स्थानीय संचार माध्यमहरु मार्फत प्रचार प्रसारको व्यवस्था मिलाउने। सम्पूर्ण
पालिकाहरुले समेत स्थानीय भाषामा सोही प्रकारको सामाग्री तयार गरी आ-आफ्नो क्षेत्रमा उपयुक्त
माध्यद्वारा प्रचार प्रसार गरी जनचेतना अभिबृद्धि गर्ने। यस कार्यमा जिल्ला स्थित मानवीय सहयोगका
काममा कार्यरत गै.स.स.हरुले समेत आवश्यक सहयोग उपलब्ध गराउने।

(ग) बढ्दो चिसो तथा हिमपातबाट प्रभावित हुनसक्ने विपन्न समुदाय एवं वस्तीहरूको पहिचान गरी
पहिचान भएका समुदाय एवं वस्तीहरूमा रहेका व्यक्ति एवं परिवारहरू मध्ये पनि अति विपन्न,
न्यानो कपडा नभएका, संकटासन्नहरूको परिवारको सदस्य संख्या तथा घरमूलीको नामसमेत
सम्बन्धित स्थानीय तहले स्थानीय प्रहरी र स्थानीय रेडक्रस सोसाइटीको समन्वयमा यकीन गरी
विवरण अद्यावधिक गर्ने र त्यसरी पहिचान भएका अतिविपन्न व्यक्ति तथा परिवारलाई अत्यवश्यक
पर्ने राहत सामग्री दोहोरो नपर्ने गरी जिल्लास्थित सवै स्थानीय तहले उपलव्ध/व्यवस्थापन गर्ने
गराउने।

(घ) चिसोको मौसममा ज्येष्ठ नागरिकहरू,बिरामीहरू, बालबालिकहरू, सुत्केरी तथा गर्भवती महिलाहरू,
घरविहीन तथा अतिविपन्न वर्ग र विपद प्रभावित वर्गलाई बढी असर गर्ने भएकोले यस समूहलाई
विशेष सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गर्न जिल्लाका स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

४. हिउँदयाम सँगै आगलागीका घटनाहरु घट्न थालेको र यो क्रम अझ बढ्न सक्ने हुँदा आगलागीका
घटना न्यूनीकरण तथा प्रतिकार्यका लागि देहायबमोजिम गर्नेः

(क) आगलागीबाट हुन सक्ने सम्भाव्य विपदको अवस्थालाई दृष्टिगत गर्दै सबै निकाय, संघसंस्था सदैव
पूर्व तयारी अवस्थामा रहने, विपदका घटनामा खोज तथा उद्दार कार्यमा प्रयोग हुने सामग्री,
उपकरण चालु अवस्थामा राख्ने, आवश्यक सामग्रीको खरिद गर्ने तथा निकायगत समन्वयलाई
प्रभावकारी बनाउने।

(ख) आगलागीको घटना न्यूनीकरणका लागि सचेतनामूलक सामग्रीहरु प्रकाशन/प्रशारण गर्न डिभिजन
बन कार्यालय तथा स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

(ग) सबै कार्यालयहरु, कलेज, विद्यालय, होटल लगायतका महत्वपूर्ण भवनहरुमा Fire Extinguisher राख्ने
व्यवस्था मिलाउने ।

५. पछिल्लो समयमा केही मुलुकहरुमा कोरोना भाइरसको नयाँ प्रकार देखा परेको भन्ने जानकारी प्राप्त
भएकोमा त्यस्ता मुलुकबाट आउने व्यक्तिहरुको पहिचान गरी नेपाल प्रवेश पश्चात क्वारेन्टीनमा
बसे/नबसेको र परीक्षण गरे/नगरेको एकीन गरी स्थानीय तहहरुले क्वारेन्टीनमा राख्ने तथा परीक्षण गर्ने
व्यवस्था मिलाउने। साथै कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि भइरहेका अन्य कार्यहरुलाई
प्रभावकारी बनाउने ।

६. छिमेकी मित्रराष्ट्र भारतमा हालैका दिनमा बर्ड फ्लु भाइरस संक्रमण देखा परेको र उक्त संक्रमण नेपालसम्म फैलन सक्ने सम्भावनालाई मध्यनजर गर्दै उच्च सतर्कता अपनाउन निर्देशन प्राप्त भएको हुँदा यस जिल्लामा बर्ड फ्लु भाइरसको संक्रमण फैलिन नदिनका लागि संक्रमित क्षेत्रबाट कुखुरा तथा अन्य पन्छी एवं पन्छीजन्य पदार्थ आयात नगर्न र उच्च सतर्कता अपनाउन सम्मबन्धित व्यवसायी तथा सरोकारवाला निकायहरुलाई अनुरोध गर्ने ।

७. जिल्ला विपद व्यवस्थापन समितिबाट मिति २०७७।०४।०६ गतेदेखि मिति २०७७।०९।२४ सम्म विपद पीडित उद्दार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ बमोजिम विपदबाट क्षति पुगेका १६ घर परिवारलाई वितरण गरिएको राहत रकम रु १,३९,०००।- र ३ जना मृतकका परिवारलाई वितरण गरिएको रकम रु ३,००,०००।- गरी जम्मा रकम रु ४,३९,०००।- (अक्षरुपी: चार लाख उनान्चालिस हजार रुपैया मात्र) अनुमोदन गर्ने ।